| पौष भित्र | दोस्रो सोपछि १/२ | २४०००० | ०६९.१०.२२ | दिन २२ | १९५५०० | ११७८ |
| | | | ०७०.३.१६ | १६६ दिन | ४४५०० | २०२४ |
| चैत्र भित्र | तेस्रो ३० प्र.स. | २४०००० | ०७०.३.१६ | ७६ दिन | ५५५०० | ११५६ |
| | | | ०७०.३.२० | ८० दिन | १८४५०० | ४०४४ |
| | जम्मा | ५८५००० | ० | 0 | ५८५००० | ८४०२ |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| ३३ | | **सिटी सभाहल ठेक्का** कार्यालयको स्वामित्वमा रहेका सिटी सभाहल ए. | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
| --- | --- | --- | --- | --- | --- |
| | | वान क्वालिटि किचनलाई सभा सम्मेलन को लागि रु.१५०० र विवाह ब्रतवन्धमा रु.२५०० दैनिक भन्द वढी उठाउन नपाउने गरी २०६९।९।२९ मा सम्झौता गरी वार्षिक रु.२,१०,५५५ मा ठेक्कामा दिएको छ । सम्झौता को वखत माघ, फाल्गुण र चैत्र ३ महिनाको प्रथम किस्ता रु.५२,६४१ अग्रिम भुक्तानी गर्नु पर्ने र त्यास पछि २/२ महिनामा किस्ता वुझाउने। विजुली पानीको पैसा ठेकेदारले वुझाउने। सभाहलका फर्निचरको संरक्षण गर्नु पर्ने र प्रत्येक २ वर्षमा १० प्रतिशत भाडा वुझाउने सर्त राखि ठेक्का लगाएकोमा प्रथम किस्ता वाहेक असुल गरेको छैन । सम्झौतामा किस्ता नवुझाएमा व्याज तथा हर्जना असुल गर्ने सर्त राखेको नपाएकोले २०७० बैशाख देखि २०७० पौष सम्म ९ महिनाको किस्ता रु.१५७९१६।२५ र प्रचलित ऐन, नियम अनुसार व्याज सहित असुल गर्नु पर्ने रु. | १,५७,९१६/२५ | | |
| ३४ | | **अमानतवाट कर असुली** विभिन्न गा.वि.स.हरुवाट ढुंगा, गिटी, वालुवाको कर अमानतवाट असुल गरेको रकम र नगदी रसिदको अधकट्टी जि.वि.स.पठाएको आधारमा आम्दानी गरेको पाइयो । कुन कुन स्थानवाट कुन कुन गा.वि.स.ले कर उठाउने हो सो वारेमा गा.वि.स. संग लिखित सम्झौता तथा पत्राचार भएको पाइएन । | | | |
| ३५ | | **गत विगत वार्षको वक्यौता** प्रस्तुत वक्यौता विवरण अनुसार आर्थिक वर्ष २०६८।६९ सम्म रु.३४,४९,९३०।- असुल हुन वाकी रहेको मध्ये यस वार्ष रु.१४,०००।- सावां र रु.१,४००।- व्याज असुली भई रु. ३४,३५,९३०।- असुली हुन वाकी रहेको छ । विवरण अनुसार आर्थिक वर्ष ०३०।३१ देखिको बक्यौत असुली हुन वाकी देखिएको छ । उक्त बक्यौता रकम असुल गर्न कार्यालको ध्यान जानु पर्ने देखिन्छ । | | | |
| ३६ | | **सिमेन्ट कर** यस वर्ष उदयपुर सिमेन्ट उद्योगवाट उत्पादन हुने सिमेन्ट बिक्रीको प्रति वोरा रु.१।- ले असुल गर्ने गरेको पाइयो । कार्यालयले एक कर्मचारी उद्योगमा खटाई देनिक रसिद काटी असुल गरेको छ । | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | उद्योगको वार्षिक विक्री परिमाण को प्रगती लिई सो अनुसार असुल भयो भएन असुली रकमसंग छडके भिडाउने गरेको छैन । | | | |
| ३७ | | **विटौरी कर** जिल्ला विकास समितिको कार्यालयको स्वमित्वमा कटारी र गाइघाटमा घडेरीहरु रहेको र सोको भोगाधिकार दिए वापत वार्षिक प्रति फिट रु.१०।- एकाघर भित्र नामसारीमा प्रति घडेरी रु.२०००।- र एकाघर वाहिरको व्यक्तिमा नाम सारी हुदा मालपोत कार्यालयले गरेको मुल्यांकनको ७ प्रतिशत विटौरी कर लिने गरेको पाइयो । विटौरी करको छूट्टै वर्गिकरण गरी आम्दानी गरेको पाइएन । कार्यालयले घडरी तथा जग्गाको अभिलेख राखेको भएपनि जग्गा तथा घडेरी कति संख्या र क्षेत्र फल छ भनि एकिन हुन सकेन । एकाघर तथा सो वाहिर नामसारी हूंदा साविकको थैली खुलेको प्रमाण र मालपोत कार्यालयवाट प्रमाण लिने गरेको पाइएन । सो कारण मूल्यांकन गरेको थैली सही छ भन्ने आधार भएन । | | | |
| ३८ | | **खानी कर** उदयपुर सिमेन्ट उद्योगको विभिन्न पत्र अनुसार चुन ढुंगा, रातो माटो प्रयोग गरेवापत मसिक रुपमा कार्यालयलाई चेक तथा बैक दाखिला भौचर पठाउने गरेको पाइयो । उक्त प्रयोजनवाट राजस्व वाडफाड तर्फ खानी रोयल्टी रु.१,२६,३३४।५० आम्दानी भएको देखिन्छ । उक्त रकम कुन सम्झौता तथा नियम अनुसार भएको हो आधार छैन । | | | |
| ३९ | | **गा.वि.स.मालपोत असुली :-** नगरपालिका तथा गा.वि.स.हरुले असुल गरेको मालपोत रकमको २५ प्रतिशत रकमा जिल्ला विकास समितिमा पठाउनु पर्ने उल्लेख छ । यस वर्ष मालपोत असुली साखावाट बैंक दाखिला भएको रु.२,६१,७४८।३६ को विभिन्न बैक भौचर अनुसार आम्दानी देखाएकोमा कुन कुन गा.वि.स. र न.पा.वाट मालपोत वापत कति नगद वा बैक मार्फत असुली भएको हो कार्यालयले एकिन गरेको छैन । मालपोत शाखावाट प्रयोग गरेको नगदी रसिद पोष्टिङ्ग खाता लेखापरिक्षणमा पेश भएको छैन । सम्वन्धित गा.वि.स. र न.पा.हरुवाट असुल भएको मध्ये २५ प्रतिशत प्राप्त भएको छ भन्ने आधार भएन । | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले त्यस्तो अभिलेख राख्ने नगरेको व्यहोरा जनाएको छ । नियमानुसार अभिलेख राखी मालपोत असुली हिसाव फरफारक गर्नु पर्ने देखिन्छ । | | | |
| ४० | | **राजस्व वांडफांड :-** मालपोत कार्यालयको र वन कार्यालयको पत्रवाट निम्न अनससार रु.७७,१९,८५२।३८ प्राप्त भएको छ । कार्यालयहरुले नियमानुसार यथासमयमा राजस्व वांडफाड गरी पठाउनु पर्ने र यस कार्यालयले पनि समयमै ताकेता गरी माग गर्नु पर्ने देखिन्छ । कार्यालयले नियमानुसार कति प्राप्त गर्नु पर्नेमा कति प्राप्त गर्न वांकी छ हिसाव राखेको छैन । मालपोत कार्यालायवाट प्राप्त रकम मध्ये ५ प्रतिशत फिर्ता गर्नु पर्ने प्रावधान भएकोमो त्यस्तो रकम फिर्ता खर्च लेखेको समेत देखिदैन । यस सम्वन्धमा कार्यालयहरुले कट्टी गर्नु पर्ने रकम कट्टा गरेर पठाएको रकम लाई नै आधारा मानी आम्दानी गरेको जनाएको छ । राजस्व वांडफा पठाउने कार्यालयहरुको वार्षिक प्रतिवेदन लिई छडके भिडान गर्नु पर्ने देखिन्छ । | | | |

| कार्यालय | अवधि | रकम |
|---|---|---|
| मालपोत कार्यालय | गत वर्षको | ५७८८३२.३० |
| मालपोत कार्यालय | ०७० बैशाख सम्मको | ५२१९३६८.०८ |
| **जम्मा** | | **५७९८२००.३८** |
| वन कार्यालय | नखुलेको | १९२१६५२ |
| **जम्मा** | | **७७१९८५२.३८** |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| ४१ | | **खानी कर** उदयपुर सिमेन्ट उद्योगको विभिन्न पत्र अनुसार चुन ढुंगा, रातो माटो प्रयोग गरेवापत मसिक रुपमा कार्यालयलाई चेक तथा बैक दाखिला भौचर पठाउने गरेको पाइयो । उक्त प्रयोजनवाट राजस्व वाडफाड तर्फ खानी रोयल्टी रु.१,२६,३३४।५० आम्दानी भएको देखिन्छ । उक्त रकम कुन सम्झौता तथा नियम अनुसार भएको हो आधार छैन । | | | |
| ४२ | | **निरीक्षण :-** सुशासन -व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को नियम ४०(१) मा सचिवले आफ्नो मन्त्रालय मातहतका विभाग | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | परीयोजना तथा कार्यालयहरुको विभागिय प्रमुख तथा कार्यालय प्रमुखले आफ्नो र आफ्नो मातहतको कार्यालय तथा परीयोजनाको प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैले वा आफूले अधिकार सुम्पेको कर्मचारीद्वारा अनिवार्य निरीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ । यो वर्ष तालुक कार्यालयले नियमले तोके अनुसार निरीक्षण गरेको पाइएन । गत विगत वर्ष देखिनै निरीक्षण गर्ने नगरेको कार्यालयको भनाई छ । नियमावलीले तोके अनुसार निरीक्षण नगर्नाले कार्यमा प्रभावकारीता तथा सुशासन व्यवस्थापन कायम राख्न नसकिने देखिन्छ । सम्वन्धित निकायवाट निरीक्षण गर्ने गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | | | |
| ४३ | | **पदपूर्ति तथा कार्य विभाजनः-** सुशासन -व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ वमोजिम राजनैतिक नेतृत्व र कर्मचारी विच कार्य र जिम्वेवारी स्पष्ट किटान गरी परिषदवाट स्वीकृत गराउनु पर्ने । कार्यालयको कार्यमा विभिन्न शाखा र इकाइको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालयमा काम गर्ने कर्मचारीको काम कर्तव्य र अधिकार एवम् जिम्मेवारी तोकि काम गराउने व्यवस्था मिलाउनु पर्ने । कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा तोकिएको कार्य सम्पादन गरे नगरेको मूल्याङ्कन गरी पुरस्कार र दण्डको परीपाटी अवलम्वन गर्नु पर्ने उल्लेख छ । कार्यालयको कुल दरवन्दी ९६ मध्ये स्थायी ७८, अस्थायी १ र करार २ गरी जम्मा ८१ कर्मचारी कार्यरत रहेकोमा सम्पूर्ण कर्मचारीहरुलाई कार्य विवरण दिने गरेको देखिएन । यस सम्वन्धमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्य विवरण र जिम्मेवारी नतोक्नाले सेवा ग्राहीले प्रभावकारी रुपमा सेवा प्राप्त गर्न नसक्ने देखिन्छ । तसर्थ कर्मचारीहरुलाई  कार्य विवरण तथा जिम्मेवारी तोकि काम दिनु पर्ने देखिन्छ । | | | |
| ४४ | | **पांच लाख भन्दा साना योजना छनौट -** स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ११(२) मा जिल्ला विकास समितिलि ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयेजना छनौट | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | गर्न सक्ने छैन भन्ने उल्लेख छ । यो वर्ष कार्यालयले रु.५ लाख भन्दा कम लागत भएका निम्न आयोजनाहरुमा वजेट विनियोजन गरेको छ । विनियोजन वजेट कम भएकोले ५ लाख भन्दा कमका आयोजना छनौट गर्नु परेको उल्लेख छ । नियम विपरित कम लागतका योजना छनौट गरी सञ्चालन गर्नाले सरकारी खर्चवाट ठोस कार्य नहुनुको साथै काम सम्पन्न नहुने देखिन्छ । कार्यालयले नियम विपरीत योजना छनौट गर्ने परीपाटीलाई वन्द गर्नु पर्ने देखिन्छ । | | | |

| ब.शि.नं. | भौ.नं. | मिति | छनौट आयोजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३६५८०८३ | ४१ | ०७०/२/२९ | तपेश्वरी रामपुर सडक | २००००० |
| ३६५८०८३ | ४२ | ०७०/३/३० | तपेश्वरी रामपुर मैनामैनी माचुङ्गटार सडक | २८६००० |
| ३६५८०८३ | ४९ | ०७०/३/२४ | ककनि विरालीटार घोडेवास सडक | ९६००० |
| ३६५८०८३ | ५० | ०७०/३/२४ | वेतेनी कटुन्जे सोरुङ्ग सडक | १००००० |
| ३६५८०८३ | ५१ | ०७०/३/२४ | महिला सुरक्षा भवन जाने वाटो | ५०००० |
| ३६५८०८३ | ५८ | ०७०/३/३० | सुकौरा मुरकुची सडक मर्मत | ४८००० |
| ३६५८०८३ | ६१ | ०७०/३/३१ | माझखर्क वाराह वासवोटे सडक | १०४८४९.८५ |
| ३६५८०४३ | ३० | ०७०/२/२९ | इनार निर्माण वसाहा | १००००० |
| ३६५०१६३ | | | धुमिकुलो सिंचाई | १९२००० |
| ३६५०१६३ | | | भिमाहा सिंचाइ कुला | ९६००० |
| ३६५०१६३ | | | रसुवा मन्के सिचाइ कुलो | ९६००० |
| ३६५०१६३ | | | देविथान कटारी सिचाइ कुलो | ९६००० |
| ३६५०१६३ | | | तितेनी सिचाइ कुलो | १९२००० |
| ३६५०१६३ | | | पहरे खोला सिंचाई योजना | ९६००० |
| ३६५०१६३ | | | हात्तिमारा सिंचाई योजना | १९२००० |
| | | | जम्मा | १९४४८४९.८५ |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| ४५ | | **बैशाख मसान्त पछिको सम्झौता** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३(१४) मा जिल्ला विकास समितिले बैशाख मसान्त पछि कुनै नया कार्यक्रम आयोजनामा रकम | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | वाडफांड गर्न कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न पाउने छैन भनि उल्लेख छ । यो वर्ष कार्यालयले निम्न शिर्षकहरुमा बैशाख मसान्त पछि सम्झौता गरेको देखियो । वजेट तथा अख्तियारी ढिला प्राप्त भएकोले ढिला सम्झौता गर्न परेको उल्लेख छ । कार्यालयले ढिला सम्झौता गरी छोटो सम्यमा कार्य सम्पन्न गराएकोले गुणस्तरयुक्त कार्य भएको छ भन्न सकिने स्पष्ट आधार भएन । नियमले निषेध गरेको कार्य गराउने तर्फ नियन्त्रण हुन पर्ने देखिन्छ । | | | |

| ब.शि.नं. | भौ.नं. | मिति | आयोजनाको नाम | सम्झौता मिति | भुक्तानी |
|---|---|---|---|---|---|
| ३६५८०८३ | ४९ | ०७०/३/२४ | ककनी विरालीटार घोडटार सडक | २०७०/२/२२ | ९६००० |
| ३६५८०८३ | ५० | ०७०/३/२४ | बैतेनी कटुन्जे सोरुङ्ग सडक | २०७०/२/९ | १००००० |
| ३६५८०८३ | ५१ | ०७०/३/२४ | महिला सुरक्षा भवन जानेवाटो | २०७०/२/३१ | १५०००० |
| ३६५८०८३ | ५८ | ०७०/३/२४ | सुकौरा मुरकुची सडक | २०७०/३/२३ | ४८००० |
| ३६५८०८३ | ६१ | ०७०/३/२४ | माझ खर्क वाराहा वासवोटे सडक | २०७०/३/३१ | १०४८४९.८५ |
| ३६५८१४३ | | ०७०/३/२४ | कटारी वाहुनीटार सडक | २०७०/३/२४ | ५३३७०१.८७ |
| ३६५८०४३ | | ०७०/२/३२ | जाते खानी पानी योजना | २०७०/२/२० | ४८०००० |
| ३६५८०४३ | | ०७०/२/२६ | इनार निर्माण वसाहा | २०७०/२/१ | १००००० |
| | | | जम्मा | | १६१२५५१.७२ |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| ४६ | | **अनुपातिक कट्टि नगरेको:-** स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २५(११) मा उपभोक्ता समितिले तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा वढी काम गरेको देखाई अथवा कुनै आईटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा वढी रकम माग्ने उपभोक्तासमितिलाई उक्त रकम भुक्तानी नदिई कालो सुचिमा राखी कारर्वाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न उपभोक्ता समितिहरुलाई खुद काम गरेको अनुपातमा वढी भुक्तानी दिएको छ । बढी भुक्तानी दिएको सम्बन्धमा हिसाव गर्दा भुल भएको जनाएको छ । खुद भएको कामको अनुपातमा कार्यालयले खर्च लेख्नु पर्नेमा पुरै रकम खर्च लेख्नाले वढी व्यय भार परेको छ । उपभोक्ता समितिले तोकीएको काम भन्दा घटी काम गरेकोमा कार्यालयले व्यहोर्नु | १९,७६३/- | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | पर्ने रकम पनि सोही अनुपातमा घटी भुक्तानी गर्नु पर्नेमा पुरै भुक्तानी गरेका रु | | | |

| ब.शि.नं. | भौ.न | मिति | उपभोक्ताको नाम | दिनुपर्ने | दिएको | बढी |
|---|---|---|---|---|---|---|
| ३६५८०८३ | ४७ | २०७०/३/२४ | नेपाटार गढी केउरिनी सडक | ३२४३८३ | ३३५००० | १०६१७ |
| ३६५८०८३ | ४२ | २०७०/३/३ | टपेश्वरी रामपुर मैनामैनी सडक | २७५८६९ | २८०००० | ४१३१ |
| ३६५८१२३ | ४१ | २०७०/३/२६ | त्रि.न.पा. ७ पक्की नाला निर्माण | ३७५१४६ | ३८०१६१ | ५०१५ |
| | | | जम्मा | ९७५३९८ | ९९५१६१ | १९७६३ |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| ४७ | | **निर्माण कार्य :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(४) मा विकास आयोजना तर्फ योजनाको सर्भेक्षण, डिजाइन, लागत अनुमान एवं कार्यक्रम तयार गरी, स्वीकृत गराई वजेटको निर्धारित सिमा भित्र नियमानुसार खर्च गर्नु र समयमै निर्धारित कार्यक्रमको फरफारक गर्नु पर्ने उल्लेख छ । निम्न ठक्काहरुको फाइल परिक्षण गर्दा निम्नानुसार देखियो । | | | |

| ब.शि.नं. | आयोजनाको नाम | ठेकेदारको नाम | ठेक अङ्क | सम्झौता मिति | काम सक्नु पर्ने | हाल सम्मको भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| भारतिय सहयोग | ज्योति उ.मा.वि. वेल्टार | नेशनल सगरमाथा/एन.आर.के निर्माण सेवा जे.भी. | १५८९९३४०.५८ | २१ मे २००९ | २१ मे २०१० | १८१२८६६८.५९ | पटक पटक म्याद थप भई चालू |
| सडक वोर्ड | रानीवास रौता सडक निर्माण | दियाले निर्माण सेवा | ५३१२०४.८७ | २०७०/१/९ | २०७०/२/२५ | ५३१०७३.७८ | |
| सडक वोर्ड | रानीवास रौता सडक निर्माण | भुश्नाम्छा कन्सट्क्सन | ४२०४२३.३५ | २०६९/५/३१ | २०६९/६/३० | ४७३६७४.८६ | |
| सडक वोर्ड | मुर्कुची पुवारे सडक | भूवन निर्माण सेवा | ५७१७८८.५० | २०७०/१/३१ | २०७०/२/३० | ५०४७४५.२६ | |
| ३६५८१४३ | बेतनी भामखर्क रौता पोखरी सडक | वज्रगुरु/सूर्य जीवन जे.भि. | १८२६९२५१.५० | २२अप्रिल २०१२ | २०७०/३/१६ | १८११४९६३.७८ | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६५८१४३ | तवा त्रैधनाथ भ्फो.पु. | निलगिरी/वहादुर थिङ्ग निर्माण जे.भि. | ७८०९९९९.५० | २०६८/४/२३ | २०६९/३/७ | ७०२८९९९.५६ | पटक पटक म्याद थप गरी ०७०।७।३० सम्म |
| ३६५८१४३ | गाइघाट फत्तेपुर सडक जोगी दह खण्ड | अमर कन्सट्रक्सन | १८५१६९७२.४३ | २०६९/१/२५ | २०७०/६/२४ | १९९८१८९८.४६ | |
| ३६५८१४३ | बैधनाथ खोला आर.सि.सि. पुल | रायमाझि कन्सट्रक्सन | २०७०९५८६.११ | २०६९/१/२२ | २०७०/४/२० | ६०५८३१९.९४ | |
| ३६५८३१३ | छौडेखोला आर.सि.सि. पुल | लोकप्रिय निर्माण सेवा | १४६६०५६९.४४ | २०६८/२/८ | २०६९/२/८ | ४५३६४०१.६७ | पटक पटक म्याद थप गरी ०७०।२।६ सम्म |
| | | जम्मा | ९७३८९१३६.२८ | | | ७५३५८७६५.९ | |

४८ **अनुगमन निरीक्षण :-** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३४(१) मा स्थानीय निकायले आफनो क्षेत्र भित्र सन्चलित कार्यक्रम वा आयोजनाको अनुगमन प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण परीषदमा छलफल गराई सो को प्रतिवेदन कार्यालयले संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पडाउनु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले ब.शि.नं. ३६५८०७३ ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ६ गाउ विकास समितिमा रु.६०९९३९७ को लागतमा घोरेटो वाटो ४.२१५ किलो मिटर, सिंचाई निर्माण ९.२२४ किलो मिटर र सडक निर्माण ०.४१ किलो मिटर गरी १२ आयोजना सम्पन्न गरेकोमा अनुगमन निरीक्षण गरेको छैन । अनुगमन निरीक्षण नगरेको सम्वन्धमा आधिकारिक जवाफ दिएको छैन । निर्माण भएका आयोजनाहरुको अनुगमन निरीक्षण नगर्नाले आयोजना सम्पन्न भएकै छ भन्न सक्ने स्थिति देखिएन । कार्यालयले ऐन, नियम र निर्देशिका अनुसार अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

| सि.नं. | आयोजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | खारी नौले सिंचाई | २२९५६८ |

<table>
<tr><th>सि.नं.</th><th>गो.भा.नं.मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौट विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td>योजना</td><td></td></tr>
<tr><td>२</td><td>झिरुडाडा सिंचाई योजना</td><td>५१५९३३</td></tr>
<tr><td>३</td><td>राकुला सिंचाई योजना</td><td>३२०५३६</td></tr>
<tr><td>४</td><td>भोग्लुङ्ग सिंचाई योजना</td><td>३५१५९१</td></tr>
<tr><td>५</td><td>भाते खोला सिंचाई योजना</td><td>३१९९३५</td></tr>
<tr><td>६</td><td>छर्रावोटे सिंचाई योजना</td><td>५७४९१६</td></tr>
<tr><td>७</td><td>हात्तिटार रातोमाटे घोरेटो वाटो निर्माण</td><td>५७९९८८</td></tr>
<tr><td>८</td><td>भारतजोर पांवु रातमाटे वाटो निर्माण</td><td>६२४४१९</td></tr>
<tr><td>९</td><td>धोनद्रे रानीवार घोरेटा वाटो निर्माणे</td><td>५१८७८८</td></tr>
<tr><td>१०</td><td>छाम्लिङ्ग गिजानटार घोरेटा वाटो निर्माण</td><td>५७८८६२</td></tr>
<tr><td>११</td><td>पुवारे पावु ग्रामिण सडक</td><td>९२२३३६</td></tr>
<tr><td>१२</td><td>विभिन्न आयोजना सर्भे</td><td>१२४९९३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५६६१८६५</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>४९</td><td></td><td>उपभोक्ता समुह :- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २५(११) मा उपभोक्ता समितिले काम नगरी भुक्तानी माग गरेकोमा उपभोक्ता समितिलाई कालो सूचिमा राखी कारवाहि गर्नुको अतिरिक्त सम्वन्धित प्राविधिकलाई समेत कारवाही गर्नु</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले २०७०।१।१२ मा रु.५९६६९४ को लागतमा वावरी वेल्दोभान सडक निर्माण गर्न उपभोक्तासंग सम्झौता गरेको देखियो । सम्झौता अनुसार उपभोक्ता समितिले कार्य नगरेकोमा कार्यालयले २८८०६ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई फरफारक गरेको छ । उपभोक्ता समितिलाई फरफारक गरेको सम्वन्धमा उपभोक्ता समिति सम्पर्कमा नआएको जनाएको छ । कार्य सम्पन्न नै नगरी उपभोक्तालाई फरफारक गर्नाले कार्यालयलाई थप व्ययभार पर्न जाने देखिन्छ । कार्यनै नगरी उपभोक्ताको कार्यसम्पन्न देखाई भुक्तानी गरेको रु.२८,८०६ अनियमित देखिएको रु. | २८,८०६/- | | |
| ५० | | **अनुगमन :-** स्थानीय स्वायत्त शासन समुदायिक विकास कार्यक्रमको वजेटवाट प्राप्त रकम खर्च गर्दा पालना गर्नु पर्ने शर्तहरुको दफा २ मा सम्वन्धित गाउ विकास समितिहरुले पेश गरेको Prpject Funding Matrix (PFM) अनुसार कार्य सम्पन्न गरे नगरेको सम्वन्धमा जिल्ला विकास समतिवाट नियमित अनुगमन गर्ने र सो अनुसार कार्य सम्पन्न भएको नपाइएमा उक्त रकम सम्वन्धित गाउ विकास समितिवाट सरकारी वाकी सरह असुल उपर गर्ने उल्लेख छ । यो वर्ष कार्यालयले ३६९८१९३ स्थानीय स्वायत्त सासन विकास कार्यक्रमवाट ४२ गाउ विकास समितिहरुलाई रु.१०१२१५१५ अनुदान निकासा दिएकोमा अनुगमन गरेको छैन । अनुगमन नगरेकोमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । अनुगमन निरीक्षण नगर्नाले तोकिएकै योजनामा तोकिएकै समयमा कार्य भएको छ भन्न सक्ने आधार भएन । नियमले तोके अनुसार कार्यालयवाट अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | | | |
| ५१ | | **निकासा भन्दा वढि खर्च:-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(१) मा सम्वन्धित वजेट भित्रको रकम खर्च गर्दा स्वीकृत कार्यक्रम र वजेटको सिमा भित्र रही खर्च गर्नु पर्ने उल्लेख छ । यो वष कार्यालयले ३६५८०८३ स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रममा रु.३९४७२९१ निकासा भएकोमा रु.६०६९२९१ खर्च गरेको छ | | | |

<table>
<tr><th>सि.नं.</th><th>गो.भा.नं.मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौट विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>। निकासा भन्दा वढि खर्च रु.२१,२२,००० भएको सम्वन्धमा भुल भएको जनाएको छ । कार्यालयले निकासा भन्दा वढी खर्च गर्नाले आन्तरिक नियन्त्रण फितलो देखिन्छ । निकास भन्दा वढी खर्च गरेको रु.२१,२२,००० को सम्वन्धमा मन्त्रालयलवाट खर्च समर्थन गराउनु पर्ने दखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५२</td><td></td><td>ठेक्का स्वीकृतिः- प्रचलित कानुन अनुसार आर्थिक वर्ष सुरु भएको प्रथम चौमासिक भित्र ठेक्का पट्टा गरी सक्नु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न शिर्षकको ठेक्का पट्टा तेस्रो चौमासिकमा स्वीकृत गरेको देखियो । ठेक्का पट्टा ढिलो भएकोमा वजेट ढिलो प्राप्त भएकोले ढिलो ठेक्का सम्झौता भएको जनाएको छ । ठेक्का पट्टा ढिलो स्वीकृत गर्नाले तोकिएको समयमा निर्माण सम्पन्न नभई योजनाहरु अधुरानै रहने देखिन्छ । कार्यालयले निर्धारित समय भित्रै ठेक्का पट्टाको कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><table>
<tr><td>ब.शि.नं.</td><td>योजनाको नाम</td><td>ठेक्का संख्या</td><td>ठेक्का रकम</td></tr>
<tr><td>सडक वोर्ड</td><td>सडक वोर्ड</td><td>४</td><td>१७३६७३३</td></tr>
<tr><td>३६५८१४३</td><td>ग्रामिण पहुच</td><td>८</td><td>५०२८७२३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२</td><td>६७६५४५६</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>५३</td><td></td><td>योजना सन्चालनः- स्थानीय स्वायत्त शासन समुदायिक विकास कार्यक्रमको वजेटवाट प्राप्त रकम खर्च गर्दा पालना गर्नु पर्ने शर्तहरुको दफा ३ मा यस अख्तियारीवाट उपलव्ध हुने थप अनुदान रकमवाट गाउ विकास समितिहरुले २ लाख भन्दा कमको आयोजना सन्चालन गर्न नपाउने उल्लेख छ । यो वर्ष कार्यालयले ३६९८१९३ स्थानीय स्वायत्त सासन विकास कार्यक्रमवाट १५ गाउ विकास समितिलाई रु.१५,००,००० थप अनुदान निकासा दिएकोमा २ लाख भन्दा कमको आयोजना सन्चालन गरे नगरेको सम्वन्धमा अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । अनुगमन निरीक्षण नगरेको सम्वन्धमा कर्मचारीको अभाव भएको जनाएको छ । कार्यालयले अनुगमन निरीक्षण नगर्नाले थप अनुदान रकम सदुपयोग भएकै छ भन्न सक्ने आधार भएन</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
| --- | --- | --- | --- | --- | --- |
| | | । कार्यायले अनुगमन निरीक्षण गरी अनुदान रकमको सदुपयोग गर्ने गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | | | |
| ५४ | | **आवधिक योजनाको तयारी :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(१) मा एक वर्ष भन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको गुरु योजना तयार गर्नु पर्ने छ । गुरु योजना तयार गर्दा सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिवाट र कुन काम अन्य प्रकृयावाट गराउने हो सो समेत छुट्याई सम्वन्धित निकायाट निर्णय गराउनु पर्ने उल्लेख छ। कार्यालयले जिल्लाको अवधिक योजना हाल सम्म तयार गरेको देखिएन । योजना तयार नगरेको सम्वन्धमा कार्यालयले सन्तोषजनक जवाफ दिएको छैन । विना योजना कार्यक्रम छान्ने र कार्यान्वयन गर्ने गराउने हुंदा राम्रो प्रतिफल प्राप्त हुन नसकी छनौट भएका योजनाहरुको लगानी खेर जाने देखिन्छ । कार्यालयले गुरु योजना तयार गरी योजनाहरु छनौट गर्नु पर्दछ । | | | |
| ५५ | | **उपभोक्ता समिति :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५(१) मा रु.६० लाख सम्मको कार्य उपभोक्ता समितिद्धारा गराउन सकिने उल्लेख छ । उपनियम २ मा उपभोक्ता समितिवाट काम गराउने प्रयोजनका लागि कार्यालयले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अध्यावधिक गर्नु पर्ने र नियम १५६(ख) मा उपभोक्ता समितिहरुले निवेदन दिदा सूचिकृत दर्ता, नविकरण,साधारणसभा तथा वार्षिक कार्यक्रम र वजेटको विवरण समेत सम्वन्धित निकायमा वुझाउनुपर्ने उल्लेख छ । नियमालीमा उल्लेख भए अनुसार कार्यालयले उपभोक्ता समूहहरुलाई वर्गीकरण र सूचीकरण गरी लगत राखेको छैन । लगत नराखेको सम्वन्धमा कार्यालयले यस वर्ष देखि तोकिएको ढांचामा लगत राख्न सुरु गरिएको जनाई लगतको नमुना समेत प्रस्तुत गरेको छ । गठित उपभोक्ता समूहहरु कुन निकायमा दर्ता भई कुन निकायवाट नविकरण गरीएको हो सो समेत खुलेको छैन । उपभोक्ता समिति दर्ता | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | तथा नविकरण नहुंदा कानूनी हैसियत नरहने र कार्यालयवाट रकम लिई कार्य नगरेमा कारवाही गर्ने कानूनी आधार नहुने अवस्था देखिन्छ । नियमले तोके वमोजिम उपभोक्ता समिति परीचालन गर्न कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | | | |
| ५६ | | **आर्थिक कारोवारको निरीक्षण :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२२(२) मा जिल्ला विकास समतिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गांउ विकास समितिहरुको आर्थिक कारोवारको कम्तीमा वर्षको १ पटक निरीक्षण गरी सो को प्रतिवेदन गांउ विकास सामिति, जिल्ला विकास समिति र मन्त्रालयमा पेश गर्नु पर्ने उल्लेख छ। यो वर्ष कार्यालयले गाउं विकास समितिहरुको निरीक्षण गरेको छैन । निरीक्षण नगरेको सम्वन्धमा कार्यालयले भरपर्दो जवाफ दिएको छैन । निरीक्षण अनुगमन नगर्नाले कामको गुणस्तर र प्रभावकारीता कम हुने देखिन्छ । तसर्थ कार्यालयले नियमले तोके अनुसार निरीक्षण अनुगमन गर्नु पर्दछ । | | | |
| ५७ | | **भौतिक परीक्षण** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा व्यवस्था भएको जिन्सी निरीक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् अधिकार प्राप्त अधिकारीले निरीक्षण गरी वा गर्न लगाई प्रतिवेदन लिई कारबाही गर्नुपर्ने उल्लेख छ । यो वर्ष लेखापरीक्षणको क्रममा जिन्सी खाताबाट नमूना छनौटको आधारमा १२ प्रकारका सामानहरुको भौतिक परीक्षण गर्दा टेलिभिजन–३ , इन्भर्टर– ३ थान, कम्प्युटर –११ थान, फ्याक्स मेशिन –४ थान, मोटरसाइकल–९ थान, गाडी–२ थान, फ्रिज –१ थान , ल्यापटप–१८ थान, फोटोकपी मेशिन–१ थान, जेनेरेटर –१ थान, प्रिन्टर– २० थान र प्रोजेक्टर– ३ थान यथास्थितिमा रहेको देखियो । प्रस्तुत विवरण अनुसार रु.५८८७० को क्यामरा, व्रिफकेस, राइसकुकर, इर्मजेन्सी लाइट, किचन र्‍याक, ल्पेट र हटकेस कार्यालयमा रहेको देखिएन । उपरोक्त सामानहरु | ५८,८७०/- | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | नभएकोमा कार्यालयले असुल उपरको कार्वाही भइ रहेको लिखित जवाफ दिएको । कार्यालयले नियमानुसार खोज खबर गरी मौज्दात दुरुस्त राख्नु पर्ने देखिएको रु. | | | |
| ५८ | | **महालेखा परीक्षकको प्रतिवेदन कार्यान्वयन :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०४(१) मा अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजूका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा औंल्याएको बेरुजूहरुमा सुधार गरेको देखिएन । गत विगतका व्यहोराहरु यस वर्ष पनि दोहोरिएका छन् । कार्यालयले यसमा सुधार गर्दै जाने जनाएको छ । एकै प्रकृतिका व्यहोराहरु वर्षेनी दोहोरिंदै जानाले बेरुजूको अंङ्क बढ्दै जाने देखिन्छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयको सुझावलाई कार्यान्वयन गरी लागू गर्नुपर्दछ । | | | |
| ५९ | | **आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी त्यसको प्रमाण संलग्न गरी अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर कारबाही चलाएको छैन । कार्यालयले प्रतिवेदन कार्यान्वयन नगरेको सम्बन्धमा भर पर्दो जवाफ दिएको छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन नगर्नाले आन्तरिक नियन्त्रण भएको देखिंदैन । कार्यालयले नियमको पालना गरी आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियतहरुमा समयमै फछ्र्यौट गर्ने परीपाटी बसाल्नु पर्दछ | | | |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
| --- | --- | --- | --- | --- | --- |
| ६० | | **हस्तान्तरण :–** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २९(२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भई सकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । प्रस्तुत विवरण अनुसार यो वर्ष कार्यालयले निर्माण सम्पन्न गरेको १०१ योजनाहरु हस्तान्तरण गरेका छ । | | | |
| ६१ | | **गाउं विकास अनुदान फ्रिज नगराएको :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६(६) मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा फिर्ता पठाई दिनुपर्ने छ । यदि फ्रिज गर्नु पर्ने रकम फ्रिज नगराएमा वा फ्रिज गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा फिर्ता नपठाएमा उक्त रकम कट्टा गरेर मात्र निकासा लिनु पर्ने छ । निकासा दिने निकायले पनि रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ । त्यस्तै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०६८।६९ मा दिएको अख्तियारीमा समेत खर्च नभएको रकम फ्रिज गर्नु पर्ने उल्लेख गरेको छ । ४४ गांउ विकास समिति मध्ये आर्थिक वर्ष २०६८।६९ मा सवै गा.वि.स.को अन्तिम लेखापरिक्षण भएको देखिन्छ । लेखपरिक्षण भएका ४४ गाउं विकास समितिहरु मध्ये १० गा.वि.स.हरुको लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा निम्न ९ गाउं विकास समितिहरुको निकासा रकम (आन्तरिक आम्दानी समेत) खर्च नभई बांकी रहेको देखियो । खर्च नभई बांकी रहेको रकम फ्रिज गर्नको लागि जिल्ला विकास समितिमा फिर्ता पठाएको देखिएन । जिल्ला विकास समितिले पनि निकासा खर्चको यकिन गरी अनुदान निकासा कट्टी गरेको छैन । तोकिएको समयमा निकासा नहुने भएकोले विकास निर्माण कार्यमा ढिला हुने हुंदा र गत विगत वर्ष देखि नै फिर्ता नगरेको जवाफ प्राप्त भएको | | | |

<table>
<tr><th>सि.नं.</th><th>गो.भा.नं.मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौट विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>छ । नियमले तोकेको प्रक्रिया पूरा नगरी रकम मौज्दात राख्नाले सञ्चित कोषमा रकम कमी भई सरकारलाई विकास निर्माण कार्य गर्न अप्ठेरो पर्ने देखिन्छ । नियमको पूर्ण रुपमा पालना गरी खर्च नभई बांकी रहेको रकम फ्रिज गर्नु गराउनु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>गाउं विकास समितिको नाम</th><th>२०६८।६९ को मौज्दात रकम</th></tr>
<tr><td>१</td><td>मंयखु गा.वि.स.</td><td>४८२७</td></tr>
<tr><td>२</td><td>आंपटार गा.वि.स.</td><td>४०७०२४</td></tr>
<tr><td>३</td><td>सिरिसे गा.वि.स.</td><td>२५५१.०८</td></tr>
<tr><td>४</td><td>वेल्टार गा.वि.स.</td><td>१२०४५५७.७६</td></tr>
<tr><td>५</td><td>भुटार गा.वि.स.</td><td>४३४४६</td></tr>
<tr><td>६</td><td>रिस्कु गा.वि.स.</td><td>१०७७३६</td></tr>
<tr><td>७</td><td>हर्देनी गा.वि.स.</td><td>१२१३५.४२</td></tr>
<tr><td>८</td><td>रुपाटार गा.वि.स.</td><td>५०३४२.३६</td></tr>
<tr><td>९</td><td>त्रिवेणी गा.वि.स.</td><td>६२६६४.२९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८९५२८३.९१</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>६२</td><td>-</td><td>सामाजिक सुरक्षा – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार उदयपुर जिल्ला स्थित कुल  जनसंख्या मध्ये मासिक भत्ता प्राप्त गर्ने समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलितवर्ग, असक्त अपागता भएका नागरिकहरुको संख्या १८,८०० लाई भत्ता वितरण गरेकोमा निम्नानुसार देखियो :</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>-</td><td>सामाजिक सुरक्षाा कार्यक्रमवाट निकासा भएको रकम मध्ये आर्थिक वर्षको अन्तमा रु.३,६४,६८,००० पेश्की वाकी रहेकोमा लेखापरिक्षणको क्रममा फछ्र्यौट भएको छ । पेश्की फछ्र्यौट गर्दा तल उल्लेखित गा.वि.स.ले वचत रकम राजस्व दाखिला गरेको चौथो प्रति भौचर पेश गरेको अनियमित तेदिएको रु.</td><td>४०००/-</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>गो.भा.नं.मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौट विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>-</td><td colspan="3"><table>
<tr><td>व.शि.न.</td><td>भौ.न.</td><td>मिति</td><td>गाविसको नाम</td><td>भौचर नं.</td><td>मिति</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>सा.सु.</td><td>१७</td><td>२०७०.४.२८</td><td>भुटार</td><td>३२२८३६२६</td><td>२०७०.४.१७</td><td>४०००</td><td>चौथो प्रति</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td>स्थलगत निरिक्षण :- लेखापरिक्षणको क्रममा मिति २०७०।०९।१९ गते इन्जिनियर श्री रमेश चन्द्र ढुंथाना र अन्य कर्मचारी तथा स्थानीय जनता तथा राजनैतिक व्यक्तिहरुको रोहवरमा ६ योजनाहरुको स्थलगत निरिक्षण गर्दा निम्नानुसार देखियो ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६३.१</td><td></td><td>क) उदयपुर कर्कुन्टार सडक निर्माण प्रथम योजनाको स्थानीय जनताको रोहवरमा निरीक्षण गर्दा सन्तोष जनक रहेको व्यहोरा पाइयो ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६३.२</td><td></td><td>ख) उदयपुर कर्कुन्टार सडक निर्माण दोस्रो योजनाको स्थानीय जनताको रोहवरमा निरीक्षण गर्दा सन्तोष जनक रहेको व्यहोरा पाइयो ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६३.३</td><td></td><td>ग) उदयपुर जिल्ला, पञ्चावती गा.वि.स. वडा नं. २ र ३ को खोला मा निर्माणधिन बैजनाथ खोला आर.सि.सि. पुल निर्माणको दोश्रो विल सम्म रु.६०,५८,३१९।९४ भूक्तानी भई सकेकोमा पुलको ३ खण्ड मध्ये एक खण्डा ढलान भइ दोस्रो खण्ड ढलानको तयारी भएको छ । तेस्रो खण्ड मा पिलर मात्र उठाएको देखियो । रिभरट्रनिङ्ग कार्य र एप्रोच रोड निर्माण कार्य आशिंक रुपमा भएको देखिन्छ । सम्झौता अनुसार २०७०/०४/२० गते सम्म निर्माण सम्पन्न गर्नु पर्नेमा २०७०।८।१५ सम्म म्याद थप भएको देखियो । स्थलगत निरीक्षण गर्दा उपस्थित स्थानीय जनताको भनाई अनुसार पुलको पूर्व साइड तर्फ रिभरट्रनिङ्ग कार्य पुलको पिलरमा हुनु पर्नेमा खोला साइड भित्र पारी पुलको खण्ड जमिन माथि रहेकोले खोला वहावट क्षेत्र कम भएको पाइयो । पुलको पश्चिम पट्टी अन्तिम पिलरवाट रिभरट्रनिङ्ग गरेकोले सोही अनुसार पूर्व पट्टी पनि हनु पर्ने भनाई पाइयो । पश्चिम पट्टीको पिलरवाट उत्तर तर्फ निर्माण भएको रिभरट्रनिङ्ग वालको अन्तिम विन्दुवाट १०० मिटर थप गर्नु पर्ने स्थानीय जनताको भनाई रहेको पाइयो ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६३.४</td><td></td><td>घ) उदयपुर जिल्ला, रौता गा.वि.स. वडा नं. ९ को छौडे खोलामा निर्माणधिन छौडिया खोला आर.सि.सि. पुल निर्माणको दोश्रो विल सम्म</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | रु.४५,३६,४७११६७ भूक्तानी भई सकेकोमा पुलको २ खण्ड मध्ये एक खण्ड ढलानको लागि फर्मा ठोकने कार्य भइरहेको देखियो । दाहिने एवुटमेन्टको एक स्टेप वनाउन वांकी देखिन्छ । रिभरट्रनिङ्ग र एप्रोच रोडको कार्य भएको छैन । सम्झौता अनुसार २०६९/०२।८ सम्ममा निर्माण सम्पन्न गरी सक्नु पर्नेमा २०७०।१०।२९ सम्म म्याद थप भएको देखियो । | | | |
| ६३.५ | | ङ.) मुर्कुची भुटार सडक मर्मत योजनाको स्थानीय जनताको रोहवरमा निरीक्षण गर्दा सन्तोष जनक रहेको व्यहोरा पाइयो । | | | |
| ६४ | | **मौज्दात रहने गरी पाइप खरिद :** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार विभिन्न साईजकका पाइप खरिद तथा उपयोगको स्थिती निम्नानुसार छ | | | |

| सि.नं. | ०६८/६९ को मौज्दात परिमाण के.जि. | ०६९।७०मा खरिद परिमाण | जम्मा | ०६९।७०मा उपयोग परिमाण | मौज्दात पाइप | मौज्दात पाइपको मुल्य रु. |
|---|---|---|---|---|---|---|
| १ | १६७५०.८० | १७८१५ | ३४५६५.८० | २१३२५.८० | १३२४०.०० | ६,९३,४०५/- |

| सि.नं. | गो.भा.नं.मिति | विवरण | रकम | फछ्र्यौट विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले पाइपको मौज्दात र आवश्यकता पहिचान गरेर मात्र थप पाइप खरीद गर्नुपर्नेमा सो वेगर विभिन्न साइजका पाइपहरु बढी खरिद गरेको कारण मौज्दात रहेको देखिन्छ । यसरी आवश्यकता पहिचान वेगर खरिद गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ। | | | |
| ६५ | | **बेरुजु:-** कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०६९ असार मसान्तसम्मको बाँकी वेरुजु रु.४,८३,०५,५५७।६५ रहेकोमा कार्यालयले गत विगत वर्ष देखिको पेश्की वांकी रकम फछ्र्यौट गरी सम्परिक्षणको लागि पेश गरेकोमा लेखापरीक्षण डोरले रु.२,०५,११,१८७।८७ को सम्परीक्षण भएको छ । सम्परिक्षण गर्दा उल्लेखनिय वेरुजु देखिएन । | | | |